गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल
(बैठक तथा प्रशासन शाखा)

पत्र संख्या :- २०७९/८०
चलानी नं. :- ४२२

मिति २०७९/०७/०३

विषय: अध्यादेश कार्यान्वयन सम्बन्धमा।

श्री प्रदेश मन्त्रालय, (सबै)
गण्डकी प्रदेश, पोखरा।

निर्वाचन आयोग नेपालको च.नं. २०७९/८० आ.च. ०७, मिति २०७९/०६/२७ को **गण्डकी प्रदेश निजामती सेवा अध्यादेश, २०७९** बमोजिम कर्मचारीहरूको तहवृद्धि सम्बन्धी प्रकृया आयोगको सहमति प्राप्त नगरी तत्काललाई अगाडि नबढाउन अनुरोध भई आएको पत्र तहाँ मन्त्रालयको इमेलमा मिति २०७९/०६/ २८ मा फरवार्ड गरिसकिएको छ। सो पत्रमा उल्लेख भए बमोजिम आयोगको सहमति प्राप्त भइसकेपछि प्रकृया अगाडि बढाउनुहुन आदेशानुसार अनुरोध छ।

(रामेश्वर अर्याल)
उपसचिव

गण्डकी प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
पोखरा, नेपाल
(बैठक तथा प्रशासन शाखा)

पत्र संख्या :- २०७९/८०
चलानी नं. :- ५२२

मिति २०७९/०७/०३

विषयः अध्यादेश कार्यान्वयन सम्बन्धमा।

श्री स्थानीय तह, (सबै)
गण्डकी प्रदेश, पोखरा।

निर्वाचन आयोग नेपालको च.नं. २०७९/८० आ.च. ०७, मिति २०७९/०६/२७ को **स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९** बमोजिम कर्मचारीहरूको तहवृद्धि सम्बन्धी प्रकृया आयोगको सहमति प्राप्त नगरी तत्काललाई अगाडि नबढाउन अनुरोध भई आएको पत्र तहाँ कार्यालयको इमेलमा मिति २०७९/०६/ २८ मा फरवार्ड गरिसकिएको छ। सो पत्रमा उल्लेख भए बमोजिम आयोगको सहमति प्राप्त गरी प्रकृया अगाडि बढाउनुहुन आदेशानुसार अनुरोध छ।

(रामेश्वर अर्याल)
उपसचिव

प.सं. च.नं./Ref: २०७९।८० आरचं-०6

मिति : २०७९/०६/२७

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
गण्डकी प्रदेश, पोखरा।

विषय : स्पष्टीकरण पेश गर्ने सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७९/०६/२५ को पत्रबाट व्यास नगरपालिकाको प.सं. २०७९/०८०, च.नं. १००४, मिति २०७९/०६/१४ को पत्र र स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ समेत संलग्न गरी व्यास नगरपालिकाका कर्मचारीहरुको तहबृद्धिको लागि लेखि आएको विषय स्थानीय सेवा सञ्चालनमा दिर्घकालिन असर गर्ने प्रकृतिको रहेको देखिन्छ।

स्थानीय सेवाको गठन तथा सञ्चालन सम्बन्धमा गण्डकी प्रदेश सरकारबाट स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ जारी भई मिति २०७९/०६/०७ को प्रदेश राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन भएको र उक्त अध्यादेश बमोजिम कर्मचारीहरुको तहबृद्धिका लागि सहमति प्रदान गरिदिन भनी व्यास नगरपालिकाको प.सं. २०७९/०८०, च.नं. १००४, मिति २०७९/०६/१४ को पत्रबाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार भएको देखिन्छ। त्यसैगरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको प.सं. २०७९/०८०, च.नं. ४७५, मिति २०७९/०६/२५ को पत्रबाट स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ बमोजिम कर्मचारीको तह बृद्धि गर्ने सम्बन्धमा गण्डकी प्रदेशका सबै (८५ वटा) स्थानीय तहलाई परिपत्र भएको र सो विषयको सूचना मिति २०७९/०६/२६ गतेको गोरखापत्र दैनिकमा प्रकाशन भएको देखिन्छ।

प्रस्तुत सन्दर्भमा आयोगले मिति २०७८९/०६/१२ गतेदेखि निर्वाचन आचारसंहिता, २०७९ लागू गरिसकेको अवस्थामा त्याहाँबाट स्थानीय तहका कर्मचारीको बृत्तिविकास सम्बन्धमा दिर्घकालिन असर गर्ने प्रकृतिका कार्य किन गर्नु परेको हो? तहाँ कार्यालयबाट अगाडि बढाउन खोजिएको प्रकृया सञ्चालन गर्दा प्रचलित कानून बमोजिम कर्मचारीको बढुवा तथा तहबृद्धि गर्दा अपनाउनु पर्ने सिद्धान्तहरुको पालना हुने सुनिश्चितता छ, छैन? तहाँ कार्यालयबाट अगाडि बढाउन खोजिएको प्रकृया

२०७९/०६/२६

# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL

प.सं. च.नं.:

बमोजिम कर्मचारीहरुको तहबृद्धि गर्दा निर्वाचन आचारसंहिता, २०७९ को उल्लङ्घन हुँदैन भन्ने आधार कारण के छ? यो पत्र प्राप्त भएको मितिले तीन दिनभित्र आयोगको इमेल ठेगाना (ecn.ppm@election.gov.np) मा प्राप्त हुने गरी स्पष्टीकरण पेश गर्नु हुन निर्णयानुसार अनुरोध गरिन्छ। साथै निर्वाचन आयोगको सहमति प्राप्त नगरी तत्काललाई तहाँबाट जारी भएको अध्यादेश बमोजिमका प्रकृया अगाडि नबढाउन समेत अनुरोध छ।

(मोहन राज जोशी)

कानून अधिकृत

बोधार्थः

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ।